प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ

प.सः ०७८/०७९
च.नं.:

सूचना प्रकाशित मिति २०७८।०७।०९

**बिषयः खेलकुद संरचना तथा खेल मैदानको पूर्वाधार निर्माणका लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रममा खेलकुद संरचना **तथा खेल मैदानको पूर्वाधार** निर्माण गर्ने कार्यक्रम भएकाले यस प्रदेश भित्रका इच्छुक पालिका तथा खेलकुद सँग सम्बन्धित संघ संस्थाले तपसिल बमोजिमका विवरण तथा कागजात सहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही हुने छैन।

तपसिल

१. खेल संरचना निर्माण स्थलको जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार रहेको कागजात ।
२. गत विगत वर्षमा सरकारी रकम वा अन्य स्रोतको रकम प्रयोग गरी निर्माण कार्य प्रारम्भ भएको भए हालसम्म भएको बजेट खर्च र सम्पन्न कामको विस्तृत विवरण ।
३. चालु आब २०७८।०७९ मा गरिने निर्माण कार्यको विस्तृत विवरण र सोको प्रमाणित लागत अनुमान ।
४. खेल संरचना निर्माणका लागि यस निर्देशनालयबाट उपलब्ध गराइने बढीमा दश लाख रकमको कम्तीमा २० प्रतिशत साझेदारी गर्ने पालिका वा संस्थाको सुनिश्चितता सहितको पत्र ।
५. खेलमैदान निर्माण प्रारम्भ पूर्वको प्रारम्भिक प्रमाणित लागत अनुमान ।
६. कार्य प्रारम्भ गर्ने र सम्पन्न गर्ने समयसीमा सहितको स्पष्ट कार्ययोजना ।
७. स्थानीय तहले चालु आ.व. २०७८।०७९ मा उक्त खेल संरचनाका लागि बजेट विनियोजन गरेको भए विनियोजन भएको बजेटको विवरण ।
८. निर्माण गरिने खेल संरचनाको प्रमाणित लागत अनुमान, नक्शा, ड्रइङ डिजाइन र DPR निर्माण भएको भए सोको प्रतिलिपी ।
९. संघ संस्थाले प्रस्तावना पेश गर्ने भए सम्बन्धित पालिकाको सिफारिस।

मनोज कुमार गैरे
नि. निर्देशक

नि. निर्देशक